# समुन्नत गण्डकी प्रदेशको आर्थिक समृद्धिको लागि लक्षित वर्गको आर्थिक सशक्तीकरण, पर्यटन प्रवर्धन तथा सामाजिक उद्यमशिलता

## विषयक

# अवधारणा पत्र


**प्रस्तोता**

**प्रा. डा. इन्द्र प्रसाद तिवारी**

**कुलपति, गण्डकी विश्वविद्यालय**


२३ जेठ २०८२ / 6 June 2025

# प्रस्तुतिको खाका

- गण्डकी प्रदेशको वर्तमान अवस्था
- प्रदेशको आर्थिक विकास र लक्षित वर्गको आर्थिक सशक्तिकरण
- पर्यटनको दिगो विकास र प्रवर्धन
- उद्यमशीलता (सामजिक उद्यमशीलता) विकास

# गण्डकी प्रदेशको वर्तमान अवस्था

## तालिका १: प्रदेशहरूको आधारभूत जानकारी

| प्रदेश | जनसङ्ख्या (२०२१) | प्रतिशत | क्षेत्रफल | प्रतिशत | घरधुरी | जन घनत्व |
|---|---|---|---|---|---|---|
| कोशी | ५२१०६७१ | १८.० | २५९०५ | १७.६ | ११९१५५६ | २०१ |
| मधेश | ६११९८७५ | २१.२ | ९६६१ | ६.६ | १३६१६९० | ६३३ |
| बाग्मती | ५६९१००३ | १९.७ | २०३०० | १३.८ | १५७०९२७ | २८० |
| गण्डकी | २३८०७४९ | ८.२ | २१५०४ | १४.६ | ६६२४८० | १११ |
| लुम्बिनी | ५०८५४२३ | १७.६ | २२२८८ | १५.१ | ११४१३०२ | २२८ |
| कर्णाली | १७३४४३२ | ६.० | २७९८४ | १९.० | ३३६२५५ | ६२ |
| सुदूर पश्चिम | २६७८७३७ | ९.३ | १९५३९ | १३.३ | ५७६७७२ | १३७ |
| **कुल/औसत** | **२८९००८९९** | **१४.३** | **१४७१८१** | **१४.३** | **६८४०९८२** | **१९६** |

# गण्डकी प्रदेशको वर्तमान अवस्था

## तालिका २: गण्डकी प्रदेशका प्रमुख आर्थिक सूचकहरू (आ. व. २०२४-२५ को अनुमान)

| सूचक | गण्डकी प्रदेश | राष्ट्रिय औसत/सन्दर्भ |
|---|---|---|
| अनुमानित जीडीपी वृद्धि दर (उपभोक्ता मूल्य) (%) | ५.५१ | ४.६१ |
| राष्ट्रिय जीडीपीमा योगदान (%) आ.व. २०८०/८१ | ९.०६ | - |
| प्रतिव्यक्ति जीडीपी (अमेरिकी डलर) | १,६१९ | १,४९६ |
| गरिबी दर (%) | ११.९ | २१.६ |
| बेरोजगारी दर (%) | १०.२ | |
| साक्षरता दर (५+ वर्ष) | ८०.६ | |
| आर्थिक वर्ष २०२४-२५ को बजेट रू. | ३२.९७ अर्ब | |
| आर्थिक वर्ष २०२५-२६ को बजेट सीमा (अनुमानित) रू. | २९.५ अर्ब | |

# गण्डकी प्रदेशको वर्तमान अवस्था

**तालिका ३: गण्डकी प्रदेशको जीडीपीमा क्षेत्रीय योगदान (आ. व. २०२४/२५ को अनुमान)**

| क्षेत्र | जीडीपीमा योगदान (%) | वृद्धि दर |
|---|---|---|
| राष्ट्रिय जीडीपीमा गण्डकीको हिस्सा | **८.९८** | |
| कृषि, वन, मत्स्यपालन | २७.१० | |
| उद्योग | १३.८ | |
| सेवाहरू | ६०.७ | |
| बिजुली र ग्यास | सेवा भित्र | १३.१२ |
| सार्वजनिक प्रशासन र रक्षा सेवाहरू | ०.३२ | १.७९ |

# गण्डकी प्रदेश: स्थानीय तहमा वार्षिक जनसंख्या वृद्धिदर




*तयार गर्ने: राम वाग्ले, गण्डकी प्रदेश नीति तथा योजना आयोग*

# गण्डकी प्रदेशको वर्तमान अवस्था

- २९० वटा तालतलैया
- ५० भन्दा बढी धार्मिक तथा सांस्कृतिक स्थल
- २०० भन्दा बढी पर्यटकीय गन्तव्यस्थल ➔ अन्नपूर्ण सर्कीट, कालिगण्डकी धार्मिक तथा सांस्कृतिक करिडोर
- अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र र पञ्चासे वन संरक्षण क्षेत्र लगायत ५ वटा जैविक विविधता तथा पर्यटकीय क्षेत्र रहेका छन्
- ७ वटा विमानस्थल
- ९३० की. मी. पक्कि, ७०० की.मी. ग्राभेल सडक सहित करिब १२,००० की.मी. सडक सञ्जाल ➔ कोरोला-त्रिवेणी मार्ग
- ८ वटा ठूला तथा मझौला जलविद्युत आयोजना र ९९.५४ घरधुरीमा विद्युत पहूँच
- ५ वटा भन्दा बढी ठुला तथा मझौला सिँचाइ आयोजना सञ्चालनमा रहेका छन् ।
- गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४७.४ प्रतिशत भूभाग वन तथा बुट्यान क्षेत्रले ओगटेको छ ।
- नेपालमा जैविक विविधता भएको प्रमुख क्षेत्र
- टोनी ह्यागनका अनुसार सायद संसारकै सबैभन्दा सुन्दर क्षेत्र

# गण्डकी प्रदेशको वर्तमान अवस्था

## औद्योगिक र वित्तीय क्षेत्र:

- बलियो वित्तीय क्षेत्र: १६ वाणिज्य बैंक, १० विकास बैंक, ४ वित्त कम्पनी, १० लघुवित्त कम्पनी, कुल १,७६० शाखाहरू
- ८,७०० दर्ता भएका उद्योगहरूले लगभग १.८ लाख मानिसहरूलाई रोजगारी प्रदान गर्दछन्।
- कृषि क्षेत्रले सबैभन्दा बढी ऋण प्राप्त गर्दछ।
- नेपालमा करिव ३०,००० सहकारी संस्थाहरू विद्यमान छन्
- तिनमा ७३ लाख भन्दा बढी सदस्यहरू छन्
- गण्डकी प्रदेशमा करिब २७०० सहकारीहरू
- सहकारीमा ११ लाख भन्दा बढी सदस्यहरू छन् र यो सङ्ख्या कुल जनसङ्ख्याको ४५% हुन आउँछ
- सहकारीको लगानी कृषि (८%), उद्योग (११%), सेवा (३२%) र घरजग्गा, पर्यटन, खुद्रा व्यवसाय, शिक्षा तथा उपभोग (४९%)

# गण्डकी प्रदेशको भावी योजना

- प्रथम योजनाको दीर्घकालीन सोच ➔ समृद्ध प्रदेश र सुखी नागरिक
- दोस्रो योजनाको दीर्घकालीन सोच ➔ आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी

# गण्डकी प्रदेशको भावी योजना

## तालिका ४: प्रादेशिक सोचको प्रमुख परिमाणात्मक लक्ष्य

### क. आत्मनिर्भरताका प्रादेशिक लक्ष्य

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| 1 | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | रु. दश लाख | 429179 | 693803 |
| 2 | प्राथमिक क्षेत्रको अनुपात | प्रतिशत | 26.16 | 23.29 |
| 3 | द्वितीय क्षेत्रको अनुपात | प्रतिशत | 17.27 | 18.36 |
| 4 | तृतीय क्षेत्रको अनुपात | प्रतिशत | 56.6 | 58.34 |
| 5 | प्रतिव्यक्ति आय (GNI GNI Per Capita in US$) | डलर | 1499 | 2500 |
| 6 | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | 733 | 2500 |

# गण्डकी प्रदेशको भावी योजना

## तालिका ५: प्रादेशिक सोचको प्रमुख परिमाणात्मक लक्ष्य

### ख. समुन्नतिका प्रादेशिक लक्ष

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| 7 | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | 3.69 | 10.38 |
| 8 | गरिबीको दर | प्रतिशत | 11.88 | 7 |
| 9 | इन्टरनेटमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | 64.11 | 85 |
| 10 | जन्मदाको अपेक्षित आयु | वर्ष | 71.1 | 75 |
| 11 | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | 161 | 70 |
| 12 | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | 23 | 15 |
| 13 | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | 18.1 | 7 |
| 14 | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | 81.7 | 85 |
| 15 | आधारभूत तह (१-८) को खुद भर्नादर | प्रतिशत | 95.7 | 98 |
| 16 | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | 99.5 | 100 |

# गण्डकी प्रदेशको भावी योजना

## तालिका ६: प्रादेशिक सोचको प्रमुख परिमाणात्मक लक्ष्य

### ग. सुखी प्रदेशवासीका प्रादेशिक लक्ष्य

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | २०७९/८० सम्मको उपलब्धि | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| 17 | मानव विकास सूचकाङ्क | सूचकाङ्क | 0.618 | 0.7 |
| 18 | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | 0.29 | 0.27 |
| 19 | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | 9.6 | 6 |
| 20 | श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | 403 | 560 |
| 21 | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | 35 | 60 |
| 22 | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | 44 | 55 |
| 23 | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | 99 | 100 |
| 26 | प्रति व्यक्ति विद्युत् खपत | कि.घ.वा. | 216 | 500 |

# गण्डकी प्रदेशको भावी योजना

## प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र

- १. सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण;
- २. प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन;
- ३. व्यावसायीक कृषि तथा आत्मनिर्भरता;
- ४. दिगो वन व्यवस्थापन, जैविक वविधता तथा जलाधार संरक्षण;
- ५. बजारमुखी उत्पादन र दिगो पर्यटन;
- ६. सर्वसुलभ स्वास्थ्य तथा जनसङ्ख्यिक लाभ;
- ७. शिक्षित, सुसंस्कृत तथा सीपयुक्त मानव पुँजी निर्माण;
- ८. दिगो तथा उत्थानशील पूर्वाधार;
- ९. स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी;
- १०. मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण;
- ११. सशक्त महिला, सामाजिक समावेशीकरण तथा समानता;
- १२. सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता;
- १३. सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध;
- १४. सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन ।

# गण्डकी प्रदेश विकासका मूलभूत सवाल र चुनौती

**गण्डकी प्रदेशको विकासमा देखिएका मूलभूत सवाल र चुनौतीः**

१. न्यून आर्थिक वृद्धि तथा साँघुरो वित्तीय आधार,
२. न्यून आन्तरिक तथा वैदेशिक लगानी,
३. उच्च आयात, न्यून निर्यात क्षमता तथा उच्च व्यापार घाटा,
४. निर्वाहमुखी अर्थतन्त्र - न्यून उत्पादकत्व, उच्च उत्पादन लागत तथा न्यून प्रतिस्पर्धी क्षमता,
५. औद्योगिक क्षेत्रको सङ्कुचन तथा आन्तरिक उत्पादनमा ह्रास,
६. रोजगारीको अवसरमा सङ्कुचन, वैदेशिक रोजगारीमा वृद्धि वा बौद्धिक पलायन,
७. दिगो, गुणस्तरीय तथा उत्थानशील पूर्वाधारमा कमी,
८. शहरी पूर्वाधार, सेवा तथा सुविधाको माग र आपूर्तिबीच फासलामा वृद्धि,
९. वैज्ञानिक, जीवनोपयोगी, व्यावहारिक तथा गुणस्तरीय शिक्षाको कमी,
१०. कमजोर स्वास्थ्य प्रणाली, स्वास्थ्यकर्मी र सेवाप्रवाह,

# गण्डकी प्रदेश विकासका मूलभूत सवाल र चुनौती

**गण्डकी प्रदेशको विकासमा देखिएका मूलभूत सवाल र चुनौतीः**

११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, अभ्यास र नतिजाबीचको फासलामा वृद्धि,

१२. कमजोर विनियोजन कुशलता, कार्यदक्षता तथा वित्तीय अनुशासन,

१३. सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमताबीचको गहिरो फासला,

१४. कमजोर बजार प्रतिस्पर्धा, सिण्डिकेट प्रणाली र बिचौलियाको बढ्दो उपस्थिति,

१५. लैङ्गिक तथा सामाजिक हिंसाको स्वरूपमा परिवर्तन,

१६. आर्थिक-सामाजिक तथा सांस्कृतिक विभेद र परम्परागत सोचमा निरन्तरता,

१७. पर्यटन तथा औद्योगिक पूर्वाधार र प्रवर्द्धनको कमी,

१८. नीतिगत अस्थिरता र सुशासनमा ह्रास, कार्यान्वयनमा कमजोरी, समन्वय तथा व्यवस्थापकीय क्षमताको कमी,

१९. भ्रष्टाचार दण्डहीनता र प्रशासनिक ढिलासुस्ती,

२०. जलवायु परिवर्तनको असर तथा वातावरणजन्य बहुप्रकोपमा वृद्धि,

२१. शासन, विकास र सेवाप्रवाहमा प्रभावकारिता नागरिकको स्वामित्व र अपनत्वमा कमी ।

# गण्डकी प्रदेश आर्थिक चुनौतीको सारांश

- राष्ट्रिय आर्थिक मन्दीबाट अछुतो छैन र आर्थिक बृद्धिदर सन्तोषजनक छैन ।
- आर्थिक विषयका हकमा संघमाथिको ठूलो निर्भरता ।
- प्रदेश र स्थानीय सरकारहरू आर्थिक विषयमा बढी केन्द्रित ।
- निजी क्षेत्रलाई आर्थिक विषयमा प्रवर्धन गर्न आनाकानी र लापरवाही ।
- परियोजना र कार्यक्रमहरूमा दोहोरो-तेहोरोपन र भौतिक पूर्वाधारमा अत्यधिक जोड।
- ठूला, रूपान्तरणकारी परियोजनाहरूको निर्माणमा ढिलाइ (जस्तै बुढीगण्डकी जलविद्युत परियोजना)।
- केन्द्रीकृत मानसिकता र संघीय सरकारबाट आवश्यक कानुनहरूमा ढिलाइ।

# गण्डकी प्रदेशको सम्भावनाका क्षेत्रहरू

**बलियो आर्थिक आधार →**

- बाग्मती पछि सबैजसो आर्थिक सूचकहरूमा दोस्रो स्थान
- जीडीपी वृद्धि दरमा सबै क्षेत्रहरूमा सकारात्मक प्रवृत्ति

**भौगोलिक र रणनीतिक आधार →**

- नेपालको कुल क्षेत्रफलको १४.६% ओगटेको र न्यून जनघनत्व
- उच्च पहाडदेखि उर्वर मैदानसम्म विविध भूभाग
- चीन (तिब्बत) र भारत (उत्तर प्रदेश) सँग अन्तर्राष्ट्रिय सिमानामा पहुँच
- जलविद्युत, पर्यटन, र कृषिमा अपार सम्भावना

**सामाजिक-आर्थिक सन्दर्भ**

# लक्षित समूहहरूको आर्थिक सशक्तीकरण

**को-को हुन त लक्षित समूहहरू?**

- सीमान्तकृत समुदायहरू (जस्तै चेपाङ), महिला, युवा, दलित, आदिवासी जनजाति, आर्थिक रूपमा विपन्न व्यक्तिहरू, अपाङ्गता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकहरू ।

**के-के छन् त प्रमुख चुनौतीहरू?**

- सामाजिक-आर्थिक अवरोधहरू: कमजोर आर्थिक अवस्था, सांस्कृतिक मान्यता, भाषा अवरोध।
- शिक्षा र क्षमता विकासमा असहजताः विपन्नता-चक्रव्यूह अझै तोडिएको छैन काम गर्छ ।
- रोजगारी असमानता: महिला र युवाहरूमा उच्च बेरोजगारी दर (१०.२%) छ साथै माग र आपूर्ति मा तालमेल मिलेको छैन ।
- पूर्वाधारको कमी: अपाङ्गता भएका व्यक्तिहरू, महिला, बालबालिका र ज्येष्ठ नागरिक मैत्री पूर्वाधार सीमित छ ।
- नीति कार्यान्वयनमा चुनौती: स्रोत साधनको न्यूनता ।
- लक्षित र गैह्रलक्षित विचको सार्वजनिक सोचमा द्वन्द ।

# लक्षित समूहहरूको आर्थिक सशक्तीकरण

**लक्षित समूहहरूको आर्थिक सशक्तिकरणका लागि के-के काम हुदैछन् ?**

- ऐन कानुनले लक्षित समूहलाई समेटेको छ ।
- शिक्षा, क्षमता विकास, उद्‍यमशीलता विकास र प्रविधिमा पहुँच बढेको छ ।
- समूहभित्र एकताको भाव सृजना भएको छ र कार्यगत नतिजामा देखा पर्दैछ ।
- बहुआयामी सशक्तिकरणका कार्यहरू सञ्चालन भइरहेका छन् ।
- विषेश पहलहरू सुरु भइरहेका छन् ।

**लक्षित समूहहरूको आर्थिक सशक्तिकरणका लागि थप के-के गर्नु पर्ने हुन्छ ?**

- सीप विकास र व्यावसायिक तालिम विस्तार र विविधीकरण गर्ने ।
- उद्‍यमशीलता र वित्तमा तालमेल मिलाउने र पहुँच पुर्‍याउने ।
- पूर्वाधार विकासमा समावेशी तालमेल मिलाउने ।
- श्रम बजार र रोजगार विचको तालमेल मिलाउने ।
- लक्षित समूह-नेतृत्वका व्यवसाय र सहकारीहरूलाई समर्थन र सहयोग गर्ने ।

# पर्यटनको दिगो विकास र प्रवर्धन

**गण्डकी प्रदेशमा पर्यटनको वर्तमान अवस्थाः**

- नेपालको प्रमुख पर्यटन गन्तव्य (पोखरालाई "पर्यटन राजधानी" भनिन्छ) ।
- प्राकृतिक सौन्दर्य र सांस्कृतिक समृद्धिको अद्वितीय मिश्रण (८००० मिटरभन्दा माथिका चुचुराहरू, तालहरू, गुफाहरू)
- वार्षिक कुल पर्यटकको ३९% पोखराले आकर्षित गर्दछ।
- राष्ट्रव्यापी होटल बेड क्षमताको ३८.३% गण्डकीमा छ ।
- साहसिक पर्यटनको आकर्षण (पर्वतारोहण, ट्रेकिङ, राफ्टिङ, प्याराग्लाइडिङ, ट्रफी शिकार) ।
- सामुदाय-आधारित ३०० भन्दा बढी होमस्टे पर्यटन → नेपालमा अग्रणी स्थान ।
- जैविक विविधता र समृद्ध जातीय ग्रामीण बस्तीहरू ।

# पर्यटनको दिगो विकास र प्रवर्धन

**गण्डकी प्रदेशमा पर्यटन विकास र प्रवर्धनका चुनौतीहरूः**

- परम्परागत ट्रेकिङ्ग पर्यटनमा कमि → सडक पहुँचले ट्रेकिङ्गमा बाधा ।
- आधारभूत पूर्वाधारको अपर्याप्तता र गुणस्तरीय सेवामा कमि ।
- राष्ट्रिय औसत (६५%) भन्दा कम औसत अधिभोग (Occupancy) दर (५२%) ।
- साहसिक ट्रेकिङ र हाइकिङ्का लागि आगन्तुकहरूको संख्यामा अपर्यापत बृद्धि ।
- COVID-19 महामारीको गम्भीर प्रभाव अझै कायम ।
- जलवायु परिवर्तन, मानव अतिक्रमण, र अव्यवस्थित पूर्वाधार विकासका कारण पर्यटन आकर्षणहरूको बिग्रँदो अवस्था (माछापुच्छ्रे, फेवाताल) ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्था ।
- विदेशी पर्यटकको बसाइ नलम्बिनु र प्रतिदिनको खर्चमा खास बृद्धि नहुनु ।
- प्रदेशमा पर्यटकका लागि कोसेली लगायतका आकर्षक नेपाली सामानको गुणस्तरिय उत्पादन नहुनु ।
- विश्वस्तरीय नेपाली नामोद खाना (Branded cousin) को विकास हुन नसक्नु र बहुराष्ट्रिय आउटलेट स्थापना हुन नसक्नु ।

# पर्यटनको दिगो विकास र प्रवर्धन

**गण्डकी प्रदेशमा पर्यटन विकास र प्रवर्धन अवसर र कार्ययोजनाहरूः**

- ➢ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन ।
- ➢ प्रभावकारी यातायात सुविधा
- ➢ पर्यटन उत्पादनहरूलाई विविधीकरण (कृषि-पर्यटन, सांस्कृतिक पर्यटन) ।
- ➢ नयाँ उत्पादनहरू र सुविधाहरूको विकास (कोट/थुम, थीम पार्क, बोटानिकल बगैंचाहरू) ।
- ➢ समुदाय-आधारित होमस्टेहरूको विस्तार र प्रवर्द्धन ।
- ➢ MICE (बैठक, प्रोत्साहन, सम्मेलन, र प्रदर्शनी) पर्यटन प्रवर्द्धन ।
- ➢ साहसिक पर्यटन (पर्वतारोहण, ट्रेकिङ, राफ्टिङ, प्याराग्लाइडिङ, ट्रफी शिकार) को थप विकास।
- ➢ अन्तर्राष्ट्रिय खेलकुद विकास ।
- ➢ कृषि-पर्यटन र सांस्कृतिक मेलाहरूको विकास र प्रवर्धन ।
- ➢ निवृत्त/जेष्ठनागरिक बसोबास ।

# उद्यमशीलता (सामजिक उद्यमशीलता) विकास

**गण्डकी प्रदेशमा उद्यमशीलता (सामजिक उद्यमशीलता) विकासको वर्तमान अवस्थाः**

**समाजिक उद्यमशीलता के हो?**

- यो व्यवसायनै हो तर यसमा सामाजिक प्रभाव सहित नाफा कमाउनु हो ।
- NGO को नयाँ रुप हो र?
- विशिष्ट कानूनी परिभाषाको अभाव ।
- Buzz word
- लक्षित वर्गले लक्षित वर्गका लागि काम गर्ने अवधारणा
- सहकारी र लघुवित्त संस्थाहरू, स्थानीय उत्पादन प्रवर्द्धन गर्ने संस्थाहरू, बन व्यवस्थापन संस्थाहरू, मठ-मन्दिर संचालन, डेरी, NGOs, CBOs, होमस्टे आदी ?
- गरिबी निवारण, रोजगारी सिर्जना, र समग्र आर्थिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुर्याउने

# उद्यमशीलता (सामजिक उद्यमशीलता) विकास

**गण्डकी प्रदेशमा उद्यमशीलता (सामजिक उद्यमशीलता) विकासका चुनौतिहरूः**

- ➢ अवधारणामा स्पष्टता
- ➢ कानूनी परिभाषाको अभाव ।
- ➢ उद्यमीहरूको कमी र पूँजीमा पहुँचको कमी
- ➢ निर्दिष्ट बजारको अभाव र अन्योलता
- ➢ सर्व स्वीकार्य हुन बाँकी
- ➔ सार्वजनिक वित्त क्रमश कम हुदै गएको अवस्थामा दिगो पन कसरी कायम गर्ने ?

# धैर्यतासाथ सुनि दिनु भएकोमा धन्यवाद

inprotected.com